# लोक सेवा आयोग
## (सूचना तथा प्रकाशन शाखा)

## लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७५/३/१३ )**

यस आयोगको केन्द्रीय कार्यालय र म.क्षे.नि.को पुराना सवारी साधन, (स्क्रयप), फर्निचर, मेसिनरी तथा फलाम जन्य सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम गरी विक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म वा व्यक्तिहरुबाट निम्न शर्तहरु सहित सिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

१ बोलपत्र फाराम खरिद गर्नको लागि निवेदनसाथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिनसम्म इच्छुक व्यक्ति वा फर्मले निवेदनसाथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनीको हकमा फर्म दर्ता मु.अ.कर दर्ता र आ.ब.२०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै (नगद रु १,००० फिर्ता नहुने गरी) आयोगको स्टोर फाँटबाट प्राप्त गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्र पेश गर्दा आफूले बोल कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम वरावरको वाणिज्य बैंकको कम्तीमा ९० दिन म्याद भएको बोलपत्र जमानत (विडबण्ड) वा कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, थापाथलीका नाममा नेपाल राष्ट्र बैक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं.२७ -२१ - ००१ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

३. सिलवन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं (२०७५।४।२) दिनको १२.०० बजे भित्र यस आयोगको प्रशासन शाखामा दर्ता गराइसक्नुपर्नेछ। दर्ता हुन आएको सिलवन्दी बोलपत्र फारामहरु सोही दिन दिनको २.०० बजे सिलवन्दी बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिनेछ।

४. सिलवन्दी बोलपत्र खरीद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदापछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. सिलवन्दी बोलपत्रमा दररेट अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

६. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको वोलपत्रउपर कु कारवाही हुने छैन।

७. लिलाम हुने पुराना सवारी साधन, फर्निचर, मेसिनरी तथा फलाम जन्य सामानहरु हेर्न कार्यालय खुलेको दिनको १२.०० बजेदेखि ३.०० बजेसम्म स्टोर फाँटमा सम्पर्क गरी हेर्न सकिनेछ।

८. लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनीले लिलाम सकार गरेको मितिले दश (१०) दिनभित्र बाकी रकम बुझाई सामान उठाइसक्नु पर्नेछ। उक्त अवधी भित्र मालसमान उठाई नलगेमा धरौटी जफत गरी जफत वरावर मात्र घटी कबुल भएका क्रमशः दोश्रो तेश्रो, वा चौथो घटीवालाको कबुल अंक स्वीकृत गर्न सकिनेछ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित हुनेछ।

१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ।

११. यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र यस आयोगको स्टोर फाँटमा सम्पर्क राख्न सकिनेछ।

१२. लिलाम विक्रीमा रहेका सवारी साधनहरु स्क्रापको रुपमा दर्ता तथा नामसारी नहुने गरी सकार गर्नुपर्नेछ।

१३. यस सम्वन्धी सूचना आयोगको वेवसाइट www.psc.gov.np मा हेर्न सकिनेछ।

## लिलाम बिक्री हुने सामान

| सि.नं. | कामको बिबरण | न्यूनतम मूल्याकित रकम | दरभाउ दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| १ | क) पुराना सवारी साधनहरु (स्क्रायाप)<br>ख) प्रेसका सामानहरु<br>ग) फर्निचर जन्य सामानहरु<br>घ)फलामजन्य तथा अन्य सामानहरु | ३,४५,२४८।३४ (मु.अ.कर समेत) | १,०००।०० | कवोल अंकको १० प्रतिशत नगद जम्मा गरेको बैक भौचर वा बैक जमानत |

**सूचना नं.:- ८८२/०७४-७५** **मितिः-२०७५/३/१३**